# स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७८

निर्वाचन आयोगबाट स्वीकृत मिति
२०७८।१२।१९

प्रस्तावना: स्थानीय तह निर्वाचनको मतगणना सम्बन्धी कानूनी तथा कार्यविधिगत व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अनुगमन टोली" भन्नाले आयोगले अनुगमनको लागि खटाएको अनुगमन टोली सम्झनु पर्छ ।

(ख) "अनधिकृत कब्जा" भन्नाले ऐनको दफा ५० बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा सम्झनु पर्छ ।

(ग) "आयुक्त" भन्नाले आयोगको प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त सम्झनु पर्छ ।

(घ) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ङ) "ऐन" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ सम्झनु पर्छ ।

(च) "गणक" भन्नाले दफा ४ बमोजिम मतगणना टोलीमा खटिएको कर्मचारी सम्झनु पर्छ ।

(छ) "जाली मतपत्र" भन्नाले मतदानको लागि आयोगले उपलब्ध गराएको मतपत्र बाहेकका अन्य नक्कली मतपत्र सम्झनु पर्छ ।

(ज) "जिल्ला समन्वय समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

(झ) "नियमावली" भन्नाले स्थानीय तह निर्वाचन नियमावली, २०७३ सम्झनु पर्छ ।

(ञ) “निर्वाचन अधिकृत” भन्नाले ऐनको दफा ७ बमोजिम आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(ट) “निर्वाचन आचारसंहिता” भन्नाले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ बमोजिम आयोगले जारी गरेको आचारसंहिता सम्झनु पर्छ ।

(ठ) “निर्वाचन कार्यालय” भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ड) “निर्वाचन प्रतिनिधि” भन्नाले उम्मेदवारले निर्वाचन प्रयोजनका लागि आफ्नो तर्फबाट गर्नुपर्ने काम गर्न नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ढ) “पर्यवेक्षक” भन्नाले आयोगबाट पर्यवेक्षणका लागि अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले पर्यवेक्षण संस्थाबाट पर्यवेक्षण गर्न खटिएको व्यक्तिलाई समेत जनाउँछ ।

(ण) “मतगणना” भन्नाले निर्वाचनमा मतदान भएका मतपत्रबाट उम्मेदवारले पाएको मत र बदर मत गणना गर्ने कार्य सम्झनु पर्छ ।

(त) “मतगणना प्रतिनिधि” भन्नाले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणनाको काममा प्रतिनिधित्व गर्नको लागि दफा १२ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(थ) “मतगणनास्थल” भन्नाले दफा ६ बमोजिम निर्वाचन अधिकृतले तोकेको मतगणनास्थल सम्झनु पर्छ ।

(द) “मतदान अधिकृत” भन्नाले ऐनको दफा ११ बमोजिम नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(ध) “मतदान केन्द्र” भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि ऐनको दफा २९ बमोजिम आयोगले तोकेको मतदान केन्द्र सम्झनु पर्छ ।

(न) “मतपत्र” भन्नाले निर्वाचनमा मतदान गर्नका लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो विद्युतीय उपकरणमा प्रयोग हुने मतपत्र वा त्यस्तो उपकरणमा जडित डिजिटल मतपत्रलाई समेत जनाउँछ ।

(प) “मतपेटिका” भन्नाले मतदाताले मत सङ्केत गरेको मतपत्र राख्नका लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ ।

(फ) “वडा अध्यक्ष” भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्ष सम्झनु पर्छ ।

(ब) “सदस्य” भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा समितिका सदस्य तथा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडा अध्यक्षलाई समेत जनाउँछ ।

(भ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(म) “सुरक्षणसिल” भन्नाले मतपेटिका वा मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बन्द गर्न प्रयोग गरिने नम्बर सहितको सुरक्षणसिल सम्झनु पर्छ ।

(य) “स्थानीय तह” भन्नाले संविधान बमोजिम स्थापना भएका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

## परिच्छेद-२

## मतगणना व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **मतगणना सम्बन्धी निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार** : मतगणनाको सन्दर्भमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतगणना गर्ने स्थानको व्यवस्था गर्ने,

(ख) मतगणना कार्यमा खटिने कर्मचारी तथा निर्वाचन पर्यवेक्षकको आवश्यक सुरक्षा प्रबन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,

(ग) मतगणनाका लागि आवश्यक जनशक्तिको व्यवस्था गरी गणना सम्बन्धी विषयमा अभिमुखीकरण गर्ने,

(घ) मतगणना स्थलमा आवश्यक सामग्री, खानेपानी, बत्ती, सुरक्षा आदिको प्रबन्ध मिलाउने,

(ङ) मतगणना कार्य सुरु गर्नु अगावै उम्मेदवार वा निजका प्रतिनिधिको बैठक राखी मतगणना सम्बन्धी कानूनी व्यवस्थाका बारेमा जानकारी गराउने तथा आवश्यक छलफल गरी मतगणना कार्यलाई सहज बनाउन वातावरण मिलाउने,

(च) सम्बन्धित स्थानीय तहका सबै मतदान केन्द्रबाट मतपेटिका सङ्कलन भएपछि मतगणना गर्ने,

(छ) मतगणनाको सम्बन्धमा तयार गर्नु पर्ने फाराम तथा मुचुल्का जस्ता कागजात तयार गरी, गराई अभिलेख राख्ने,

(ज) मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणाम घोषणा गर्ने,

(झ) मतगणना परिणामको विवरण निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र आयोगमा पठाउने,

(ञ) स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७८ मा उल्लेख भए बमोजिम मतगणना कार्यका लागि आवश्यक रकम खर्च लेखी सोको अभिलेख राख्ने ।

४. **मतगणनाको लागि टोली गठन गर्ने :** (१) निर्वाचन अधिकृतले मतगणना कार्यको लागि प्रति सिफ्टको लागि बाइस लहर सम्मको मतपत्र दुई हजार थान, तेइस देखि तीस लहर सम्मको मतपत्र एक हजार सात सय पचास थान, एकतीस देखि चालीस लहरसम्मको मतपत्र एक हजार पाँच सय थान र चालीस लहर भन्दा बढीको मतपत्र एक हजार दुई सय पचास थान गणना गर्ने गरी आयोगले बनाएको स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका,२०७८ बमोजिम देहायको जनशक्ति रहेको टोली गठन गर्नु पर्नेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | -एक जना |
| (ख) | मतगणना अधिकारी | -एक जना |
| (ग) | मतगणना सहायक | -एक जना |
| (घ) | गणक (कम्प्युटर अपरेटर-१, सहायक कर्मचारी-१) | -दुई जना |
| (ङ) | सहयोगी (कार्यालय सहयोगी/पाले वा सो सरह) | -एक जना |
| (च) | निजी सुरक्षा अधिकारी (पिएसओ) | -एक जना |

(२) निर्वाचन अधिकृतले गणना गर्नु पर्ने मतपत्र, उपलब्ध स्थान र सुरक्षा व्यवस्था समेतको आधारमा एकैपटक दुई वा सोभन्दा बढी मतगणना टोली गठन गरी मतगणना गर्न सक्नेछ ।

(३) प्रमुख मतगणना अधिकारी सबै सिफ्ट र टोलीको मतगणना कार्यमा संलग्न रहनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले मतगणना स्थलको सुरक्षाका लागि स्थानीय प्रशासनसँग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ ।

५. **मतपेटिका सङ्कलन गर्ने व्यवस्था मिलाउने** : (१) निर्वाचन अधिकृतले सुरक्षा निकायसँग समन्वय गरी मतदान सम्पन्न भएपछि मतपेटिका व्यवस्थित एवं सुरक्षित रूपमा सङ्कलन गर्ने सम्बन्धमा पूर्व योजना बनाई सो योजना सम्बन्धमा सम्बन्धित मतदान अधिकृतहरूलाई समेत जानकारी गराउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतदान कार्य समाप्त भएपछि स्थानीय प्रशासनसँग समन्वय गरी मतदान केन्द्रबाट मतपेटिका सुरक्षित रुपमा मतगणना स्थलमा सङ्कलन गर्ने र मतपेटिका बुझी सुरक्षितसाथ राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद-३

## मतगणना

६. **मतगणना गरिने स्थान तोक्ने** : (१) निर्वाचन अधिकृतले मतदान हुने दिन भन्दा अगावै मतगणना गरिने स्थान तोकी सोको सूचना नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा तयार गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्ने स्थान तोक्दा देहाय बमोजिमको स्थानमा मतगणना गर्ने गरी तोक्नु पर्नेछ :-

(क) गाउँपालिका वा नगरपालिकाको कुनै पदको निर्वाचनको लागि निर्वाचन अधिकृतको कार्यालय वा गाउँपालिका वा नगरपालिका भवन रहेको कार्यालय,

(ख) जिल्ला समन्वय समितिको कुनै पदको निर्वाचनको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय ।

(३) उपदफा (२) को खण्ड (क) र (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो कार्यालयमा पर्याप्त स्थानको अभाव भएमा वा सुरक्षाको दृष्टिले मतगणना गर्न नसकिने भएमा निर्वाचन अधिकृतले सो स्थानको अन्य सरकारी कार्यालय वा उपयुक्त भवनमा मतगणना गर्ने गरी स्थान तोक्न सक्नेछ ।

७. **सङ्कलित मतपेटिका राख्ने तथा मतगणना गर्ने स्थानको व्यवस्था गर्ने** : (१) निर्वाचन अधिकृतले मतदान अधिकृतले ल्याएका मतपेटिका बुझिलिनु अघि मतपत्र भएको मतपेटिका सुरक्षित रूपमा राख्ने स्थान तथा मतगणना गर्ने स्थानको आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुरक्षा प्रबन्ध मिलाउनको लागि निर्वाचन अधिकृतले स्थानीय प्रशासन र आवश्यकता अनुसार सुरक्षा निकायको समेत सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सहयोगको माग भएको अवस्थामा माग बमोजिमको सुरक्षा प्रबन्ध गरिदिनु सम्बन्धित सुरक्षा निकायको कर्तव्य हुनेछ ।

८. **मतपेटिका सङ्कलन गर्ने** : (१) निर्वाचन अधिकृतले मतदान अधिकृतबाट प्राप्त मतदान भएका मतपेटिका तथा अन्य निर्वाचन सामग्री बुझिलिन र त्यसको भरपाई गरिदिन आवश्यक कर्मचारी खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कर्मचारी खटाउँदा सहायक निर्वाचन अधिकृतलाई वा निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अन्य कर्मचारीलाई प्राथमिकता दिई खटाउनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले मतदान अधिकृतले बुझाएका मतपेटिका सङ्कलन गरी एकै स्थानमा सुरक्षित रूपमा राखी मतपेटिका राखेको कोठाको झ्याल र ढोकामा बलियो चुकुल तथा ताला लगाई लाहाछाप समेत लगाउनु पर्नेछ । सो स्थानमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले आफ्नो लाहाछाप लगाउन चाहेमा सो समेत लगाउन दिनु पर्नेछ । त्यसरी लाहाछाप लगाएको स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५२ बमोजिमको मुचुल्का गरी त्यसमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधिको सहीछाप गराई निर्वाचन अधिकृतले दस्तखत गरी राख्नु पर्नेछ ।

(४) मतपेटिका राखेको कोठामा झ्याल र ढोका बाहेक अन्य किसिमका ठूला प्वाल वा खुला ठाउँ भए त्यसलाई समेत बन्द गरी सुरक्षाको भरपर्दो प्रबन्ध मिलाउनु पर्नेछ ।

(५) मतपेटिका राखेको कोठा बाहिर उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधिले बस्न चाहेमा निर्वाचन अधिकृतले सो कुराको अनुमति दिनु पर्नेछ ।

(६) मतगणनाको लागि मतपेटिका राखेको कोठा खोल्नु परेमा उपदफा (३) बमोजिम लगाएको लाहाछाप जाँच गर्नु पर्नेछ र लाहाछाप सबुद अवस्थामा रहेको पाइएमा लाहाछाप तोडी कोठा खोलेको मुचुल्का स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५३ बमोजिमको ढाँचामा गर्नु पर्नेछ । त्यस्तो मुचुल्कामा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा निजले अधिकार दिएको प्रतिनिधिको सहीछाप गराई निर्वाचन अधिकृतले दस्तखत गरी राख्नु पर्नेछ ।

९. **मतगणना प्रारम्भ हुने सूचना प्रकाशन गर्ने** : (१) मतदान केन्द्रबाट मतदानको लागि प्रयोग भएका सबै मतपेटिका प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने मिति र समय उल्लेख गरी नियमावलीको अनुसूची-१८ को ढाँचामा आफ्नो कार्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

तर सम्बन्धित स्थानीय तहको कुनै मतदान केन्द्रमा पुनः मतदान हुने भएमा त्यसरी पुनः मतदान भएको मतदान केन्द्रको मतपेटिका मतगणनास्थलमा प्राप्त नभएसम्म अन्य मतदान केन्द्रको मतगणना कार्य सुरु गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको सूचनामा उम्मेदवारले मतगणना गर्ने स्थानमा आफ्नो मतगणना प्रतिनिधि राख्न चाहेमा त्यस्तो प्रतिनिधि नियुक्त गरी पठाउनु पर्ने कुरा समेत उल्लेख गर्नु पर्नेछ ।

१०. **<u>मतगणनाको लागि कर्मचारीको प्रबन्ध गर्ने</u>** : (१) निर्वाचन अधिकृतले सबै मतदान केन्द्रमा मतदान कार्य सम्पन्न भई मतदान भएका सबै मतपेटिका प्राप्त भइसकेपछि मतगणना गर्ने कर्मचारीको प्रबन्ध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना कार्यमा खटिने कर्मचारीलाई निर्वाचन अधिकृतले मतगणना सम्बन्धी कार्यका बारेमा अभिमुखीकरण गर्नु पर्नेछ ।

११. **<u>मतगणना गर्ने स्थानको व्यवस्था</u>** : (१) निर्वाचन अधिकृतले एउटै कोठा वा ठाउँमा मतगणना गर्ने व्यवस्था गर्नु पर्नेछ । एउटै कोठा वा ठाउँमा मतगणना गर्नको लागि पर्याप्त स्थान नपुगेमा सोही भवनको अर्को कोठा वा ठाउँमा समेत मतगणना गर्न सकिनेछ ।

तर त्यसरी मतगणना गर्दा छुट्टाछुट्टै भवनमा गर्नु हुँदैन ।

(२) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा पर्याप्त प्रकाश वा बत्तीको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) सर्वसाधारणलाई समय समयमा मतगणनाको प्रगति र नतिजाको जानकारी गराउनको लागि मतगणना गर्ने स्थानमा सूचना पाटी तथा माइक आदिको यथोचित व्यवस्था समेत गर्नु पर्नेछ ।

१२. **<u>मतगणना प्रतिनिधिको नियुक्ति</u>** : (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणना गर्ने स्थानमा उम्मेवारको प्रतिनिधित्व गर्न र मतगणनाको लागि उम्मेदवारले गर्नुपर्ने काम गर्न मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ । त्यसरी मतगणना प्रतिनिधि नियुक्त गरेको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) मतगणना गर्ने प्रत्येक टोलीमा निर्वाचन अधिकृतले तोके बमोजिमको सङ्ख्यामा मतगणना प्रतिनिधि रहनेछन् ।

तर कुनै राजनीतिक दलको तर्फबाट जतिसुकै उम्मेदवार भए तापनि एउटा मतगणना टोलीमा त्यस्तो दलका सबै उम्मेदवारको प्रतिनिधित्व गर्ने गरी एकजना मात्र मतगणना प्रतिनिधि रहन सक्नेछ ।

(३) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचन परिणाम घोषणा हुनु अगावै हटाएमा बाहेक मतगणना प्रतिनिधिको कार्यकाल निजले प्रतिनिधित्व गरेको उम्मेदवारको निर्वाचन परिणाम घोषणा नभएसम्म कायम रहनेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त मतगणना प्रतिनिधिलाई निर्वाचन अधिकृतले नियमावलीको अनुसूची-२५ बमोजिमको ढाँचामा परिचयपत्र दिनु पर्नेछ ।

१३. **<u>मतगणना प्रतिनिधिको योग्यता</u>** : दफा १२ बमोजिम नियुक्त गरिने मतगणना प्रतिनिधिको योग्यता देहाय बमोजिम हुनु पर्नेछ :-

(क) सम्बन्धित स्थानीय तहको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(ख) लेखपढ गर्न जान्ने ।

१४. **<u>मतगणना प्रतिनिधिको कर्तव्य</u> :** दफा १२ बमोजिम नियुक्त मतगणना प्रतिनिधिको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) शान्तिपूर्ण ढङ्गबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्ने,

(ख) मतगणनाका क्रममा तयार हुने मुचुल्कामा उम्मेदवार वा निर्वाचन प्रतिनिधिको तर्फबाट सहीछाप गर्ने,

(ग) ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम मतगणना प्रतिनिधिले मतदान केन्द्रमा गर्नु पर्ने सबै काम गर्ने ।

**१५. मतगणना गर्ने स्थानमा प्रवेश** : (१) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा देहाय बमोजिमका व्यक्ति बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न अनुमति दिनु हुँदैन :-

(क) मतगणना कार्यमा खटाएका कर्मचारी,

(ख) सुरक्षाको लागि खटिएका सुरक्षाकर्मी,

(ग) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,

(घ) आयोगबाट पर्यवेक्षणको लागि अनुमति प्राप्त व्यक्ति,

(ङ) आयोगबाट खटिएको पदाधिकारी वा अनुमति पाएको कर्मचारी वा अन्य व्यक्ति ।

(२) मतगणना गर्ने स्थानमा प्रवेश गर्न पाउने उपदफा (१) बमोजिमका व्यक्तिलाई निर्वाचन अधिकृतले नियमावलीको अनुसूची-२७ को ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

**१६. परिचयपत्र वा अनुमतिपत्र लगाउनु पर्ने** : (१) मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति प्राप्त कर्मचारी वा अन्य व्यक्तिले मतगणना गर्ने स्थानमा रहँदा आफ्नो परिचयपत्र तथा अनुमतिपत्र सबैले देख्ने गरी लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र नभएको वा अनुमतिपत्र नपाएको कर्मचारी वा व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न वा उपस्थित हुन दिनु हुँदैन ।

**१७. लागूऔषध वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई प्रवेश गर्न नदिने** : दफा १५ मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृतले लागू औषध वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिनु हुँदैन ।

**१८. हातहतियार लिएको व्यक्तिलाई प्रवेश गर्न नदिने** : निर्वाचन अधिकृतले मतगणना स्थलमा सुरक्षाको लागि खटिएका सुरक्षाकर्मी बाहेक हातहतियार साथमा लिई आएको अन्य व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिनु हुँदैन ।

**१९. निर्धारित समयमा मतगणना प्रारम्भ गर्ने** : (१) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गर्न दफा ९ बमोजिम प्रकाशन गरेको सूचनामा उल्लेख गरेको मिति र समयमा सबै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा मतगणनाको कार्य प्रारम्भ गर्नु, गराउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गर्दा स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५४ बमोजिमको ढाँचामा मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई निर्वाचन अधिकृतले दस्तखत गरी राख्नु पर्नेछ ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै स्थानीय तहको कुनै मतदान केन्द्रमा पुनः मतदान गर्नु पर्ने भएमा त्यस्तो मतदान केन्द्रको मतदानको कार्य समाप्त नभएसम्म त्यस्तो निर्वाचनसँग सम्बन्धित मतगणना प्रारम्भ गरिने छैन ।

(४) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ हुनु अघि मतगणनास्थलमा उपस्थित कसैले पनि क्यामरा, मोबाइल जस्ता उपकरणहरु साथमा लिन र प्रयोग गर्न नपाउने कुराको जानकारी गराई त्यस्ता उपकरण प्रयोग नगर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

२०. **मतपेटिका जाँच गर्ने** : (१) दफा १९ को उपदफा (२) बमोजिम मतगणना प्रारम्भ भएको मुचुल्का गरिसकेपछि निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा मतपत्र रहेको मतपेटिकाको देहाय बमोजिम जाँच गर्नु पर्नेछ :-

(क) मतगणना गर्न लागिएको मतपेटिका खोलिएको वा फोरिएको छ, छैन ?

(ख) मतपेटिकामा मतदान केन्द्रको नाम, सुरक्षणसील नम्बर र मतपेटिकाको क्रम उल्लेख गरिएको छ, छैन ?

(ग) मतपेटिकामा लगाएको सुरक्षणसिल दरुस्त छ, छैन ?

(२) निर्वाचन अधिकृतले मतपेटिका जाँच गरिसकेपछि मतपेटिका जाँच गरेको मुचुल्का स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५५ को ढाँचामा गर्नु पर्नेछ । यसरी मुचुल्का गर्दा आफूले मतगणनाको काममा खटाएको कर्मचारी, उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको दस्तखत समेत गराउनु पर्नेछ । कुनै उम्मेदवार वा निजको प्रतिनिधिले सो मुचुल्कामा कुनै कैफियत जनाउन चाहेमा जनाउन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपेटिकाको जाँच गर्दा कुनै कैफियत देखिएमा मुचुल्कामा सोही व्यहोरा खुलाई त्यस्तो मतपेटिका सुरक्षित स्थानमा राख्नु पर्नेछ ।

(४) कैफियत नदेखिएको मतपेटिकाको मतगणना कार्य समाप्त भएपछि उपदफा (३) बमोजिम कैफियत देखिएका मतपेटिकाको सम्बन्धमा आवश्यक सहमति कायम गरी मतगणना गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सहमति कायम हुन नसकेमा सो सम्बन्धमा आयोगलाई जानकारी गराई आयोगको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

२१. **वडाको मतगणना अलग-अलग गर्ने** : गाउँपालिका वा नगरपालिकाको निर्वाचनको मतगणना गर्दा प्रत्येक वडाको मतगणना अलग-अलग रूपमा गर्नु पर्नेछ ।

तर गाउँपालिका वा नगरपालिकाको कुनै वडामा एकभन्दा बढी मतदान केन्द्र कायम भई मतदान भएको अवस्थामा सो वडाको कम्तीमा दुईवटा मतदान केन्द्रका मतपेटिका एकै ठाउँमा मिसाई मतगणना गर्नु पर्नेछ ।

२२. **मतगणनाको प्रक्रिया** : (१) मतपेटिका जाँचेको मुचुल्का गरिसकेपछि सो मतपेटिकामा लगाएको सुरक्षण सिल तोडी मतपेटिका खोल्नु पर्नेछ र मतपेटिकामा रहेका सबै मतपत्र मतगणना गर्ने टेबुल वा स्थानमा खन्याउनु पर्नेछ । मतपत्र खन्याई रित्तो भएको मतपेटिका उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खन्याइएका मतपत्र पट्टयाएको अवस्थाबाट सुरक्षितसाथ खोली निर्वाचन चिह्न भएको भाग घोप्ट्याएर चाङ बनाई राख्नु पर्नेछ र सुविधा अनुसार पचास वा एकसय मतपत्रको ठेली बनाई धागो वा रबरले बाँध्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम बनाइएका ठेली मतगणना अधिकारीले आफ्नो जिम्मामा राख्नु पर्नेछ र प्रत्येक ठेलीबाट क्रमशः मतगणना गर्नु पर्नेछ ।

२३. **प्रतिनिधिलाई मतपत्र देखाउने** : (१) निर्वाचन अधिकृत वा निजले खटाएको गणक कर्मचारीले मतगणना गर्दा गणना गर्न लागिएको मतपत्र उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा

मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ । त्यस्तो मतपत्र कुनै पनि अवस्थामा निजलाई समाउन वा छुन दिनु हुँदैन ।

(२) उपदफा (१) को प्रयोजनको लागि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई मतगणना गर्ने स्थानमा मतपत्र देखिने गरी अलग्गै बस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२४. **मतगणना कार्यको प्रतिवेदन दिने** : निर्वाचन अधिकृतले मतगणना कार्य सुरु गरिसकेपछि मतगणना कार्यको अद्यावधिक प्रगति विवरण समय समयमा निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृत र आयोगमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

२५. **मतगणना** : (१) दफा २२ को उपदफा (२) बमोजिम छुट्याइएका मतपत्रको ठेलीबाट क्रमशः मतगणना गर्नु पर्नेछ ।

(२) यस दफा बमोजिम मतगणना गर्दा एउटा मतपत्रमा उल्लिखित सबै उम्मेदवारले पाएको मतगणना नगरी अर्को मतपत्र गणना गर्नु हुँदैन ।

(३) उपदफा (१) बमोजिम गणना गरिएको मतदान केन्द्रको मत गणनाको आधारमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको मत सङ्ख्या स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५६ बमोजिमको मतगणना फाराममा चढाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम तयार गरिएको प्रत्येक मतदान केन्द्रको मत परिणामको आधारमा प्रत्येक वडामा प्रत्येक उम्मेदवारले प्राप्त गरेको मत सङ्ख्या स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५७ बमोजिमको वडागत मतगणना फाराममा चढाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम तयार गरिएको प्रत्येक वडाको मत परिणामको आधारमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष वा प्रमुख, उपप्रमुख पदको मत परिणाम स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५८ बमोजिमको एकीकृत मतगणना फाराममा चढाउनु पर्नेछ ।

(६) उपदफा (३), (४) र (५) बमोजिमको फाराममा मतसङ्ख्या उल्लेख गर्दा प्रत्येक पदको सदर र बदर भएको मतको सङ्ख्या खुलाउनु पर्नेछ ।

(७) यस दफा बमोजिम तयार भएको मतगणनाको प्रगति विवरण र सोको परिणाम निर्वाचन अधिकृतले आयोगमा पठाउनु पर्नेछ ।

(८) निर्वाचन अधिकृतले मतगणना कार्यको प्रगति र नतिजाको विवरण सूचना पाटी, माइक आदिको माध्यमबाट सर्वसाधारणलाई समय समयमा जानकारी गराउनु पर्नेछ ।

२६. **मतपत्र बदर हुने** : मतगणना गर्दा निर्वाचन अधिकृतले देहाय बमोजिमको मतपत्र बदर गर्नु पर्नेछ :-

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) औँठाछाप लगाई वा आयोगद्वारा निर्धारित स्वस्तिक चिन्ह बाहेक अन्य चिन्ह वा छाप लगाई मत सङ्केत गरिएको,

(ग) मत सङ्केत चिन्ह नबुझिने गरी लतपतिएको वा च्यातिएको,

(घ) उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) उम्मेदवार नरहेको निर्वाचन चिन्हमा मात्र मत सङ्केत गरिएको,

(च) निर्वाचित गर्नुपर्ने सङ्ख्या भन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा छुट्टा-छुट्टै मत सङ्केत गरिएको,

(छ) एकभन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केतको चिन्ह पर्ने गरी मत सङ्केत गरिएको,

(ज) मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(झ) कुनै पनि उम्मेदवारको निर्वाचन चिन्हमा मत सङ्केत नगरिएको,

(ञ) आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ट) मतपेटिकाभन्दा बाहिर राखिएको,

(ठ) जाली मतपत्र,

(ड) मतपत्रभित्र रूपैयाँ, कागज वा अन्य कुनै बस्तु संलग्न गरेको,

(ढ) पट्टयाइएको एउटा मतपत्रभित्र अरू मतपत्र समेत एकसाथ पट्याएको,

(ण) उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा र निर्वाचन चिन्ह रहेको कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मतसङ्केत गरेको,

**उदाहरणार्थ** : निर्वाचित गर्नु पर्ने सबै वा केही पदमा सही ढङ्गबाट मत सङ्केत गरेको भए तापनि त्यस्तो मत सङ्केतको अतिरिक्त निर्वाचन चिन्ह रहेको कोठाभन्दा बाहिर वा मतपत्रको अन्य कुनै भागमा समेत मत सङ्केत गरेको रहेछ भने त्यस्तो मतपत्र पूरै बदर गर्नु पर्ने ।

(त) आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

२७. **सम्बन्धित पदको मत बदर हुने** : (१) दफा २६ मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै कागजको सिटमा एक भन्दा बढी पदको मतपत्र रहेको र कुनै पदको मतपत्रबाट एकजना उम्मेदवार मात्र निर्वाचित हुने अवस्थामा जुन पदको मतपत्र बदर हुने हो त्यस्तो मतपत्र मात्र बदर गरी अन्य पदको मतपत्र सदर हुने अवस्थाको भएमा सदर गरी मत गणना गर्नु पर्नेछ ।

(२) कुनै पदको लागि निर्वाचित गर्नुपर्ने सङ्ख्या भन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा वा निर्वाचित गर्नुपर्ने सङ्ख्या भन्दा बढी हुने गरी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठा र उम्मेदवार नरहेको चिन्ह भएको कोठामा छुट्टा छुट्टै मत सङ्केत गरिएकोमा त्यस्तो मत बदर गर्नु पर्नेछ ।

**उदाहरणार्थ** : अध्यक्ष वा प्रमुखको पदमा एकजना निर्वाचित गर्नु पर्नेमा उम्मेदवार भएको वा नभएको निर्वाचन चिन्ह रहेको कुनै दुईवटा कोठामा मत सङ्केत गरिएकोमा सो पदको मत बदर गर्ने तथा वडा सदस्य पदमा दुईजना निर्वाचित गर्नु पर्नेमा उम्मेदवार भएको वा नभएको निर्वाचन चिन्ह भएका दुईभन्दा बढी कोठामा मतसङ्केत गरिएकोमा सो पदको मत बदर हुने ।

(३) दुईजना वडा सदस्य निर्वाचित हुने मतपत्रमा एकजना उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा सही ढङ्गबाट मत सङ्केत भएको र अर्को निर्वाचन चिन्हमा बदर हुने गरी मत सङ्केत भएकोमा सही ढङ्गबाट मतसङ्केत भएको मत सदर गरी अर्को मत बदर गर्नु पर्नेछ ।

२८. **<u>मतगणना लगातार गर्ने</u>** : निर्वाचन अधिकृतले मतगणनाको काम प्रारम्भ गरेपछि सो पदको निर्वाचनको लागि तोकिएका सबै मतदान केन्द्रको सबै मतपेटिकामा रहेका सबै मतपत्रको मतगणना नसकिएसम्म मतगणनाको काम लगातार गर्नु पर्नेछ ।

२९. **<u>सदर र बदर मतपत्र अलग-अलग खाममा बन्द गर्ने</u>** : निर्वाचन अधिकृतले गणना गरिसकेको मतपत्रमध्ये सदर र बदर मतपत्र अलग-अलग खाममा बन्द गरी खामको बाहिर आफूले दस्तखत गरी सम्भव भएसम्म उम्मेदवार वा निजको प्रतिनिधिको दस्तखत गराई लाहाछाप लगाई राख्नु पर्नेछ । सो बन्द खाममा कुनै उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले लाहाछाप लगाउने चाहेमा लगाउन दिनु पर्नेछ ।

तर एउटै मतपत्रबाट एक भन्दा बढी पदको लागि मतदान भएकोमा ती मध्ये कुनै पदमा सदर र कुनैमा बदर भएको रहेछ भने त्यस्तो मतपत्र सदर मतपत्र रहेको खाममा राख्नु पर्नेछ ।

३०. **<u>मतगणना समाप्त हुनुभन्दा पहिले मतगणनाको काम स्थगित गर्न सकिने</u>** : (१) मतगणनाको काम समाप्त हुनुभन्दा पहिले सो मतगणनाको कार्य लगातार जारी राख्न आफ्नो काबुभन्दा बाहिरको कारणले सम्भव हुन नसक्ने अवस्था सिर्जना भएमा निर्वाचन अधिकृतले मतगणना समाप्त हुनुभन्दा पहिले नै सो मतगणना कार्य स्थगित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना समाप्त हुनुभन्दा पहिले मतगणना गर्ने काम स्थगित गर्नु परेमा निर्वाचन अधिकृतले गणना गरिसकेका मतपत्र, मतगणनाको अभिलेख, मतगणना गर्न बाँकी रहेका मतपत्र र मतगणना गर्न बाँकी रहेका मतपेटिकाको लगत समेत अलग-अलग खाम, थैलो वा बोरामा बन्द गरी लाहाछाप लगाउनु पर्नेछ । सो बन्द खाममा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले लाहाछाप लगाउन चाहेमा लाहाछाप लगाउन दिनु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणनाको काम स्थगित गर्नु परेमा कारण समेत उल्लेख गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५९ बमोजिमको मुचुल्का गर्नु पर्नेछ । त्यस्तो मुचुल्कामा मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई आफूले दस्तखत गरी राख्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मतगणना स्थगित भएको अवस्थामा निर्वाचन अधिकृतले यथाशीघ्र मतगणनाको काम पुनः प्रारम्भ गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम पुनः मतगणना प्रारम्भ गर्ने सम्बन्धमा निर्वाचन अधिकृतले स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६० बमोजिमको ढाँचामा दुईप्रति सूचना तयार गरी सो सूचनाको एकप्रति मतगणना गर्ने स्थानमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ । यसरी मतगणना स्थगित गरेको सूचना र पुनः मतगणना प्रारम्भ हुने सूचना सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई तुरुन्त दिनु पर्नेछ ।

(६) निर्वाचन अधिकृतले उपदफा (५) बमोजिम पुनः मतगणना प्रारम्भ गर्दा स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६१ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ ।

३१. **<u>मतगणना गर्ने स्थानबाट हटाउने</u>** : (१) निर्वाचन अधिकृतले मतगणनाको काममा रोकावट गर्ने वा बाधा दिने व्यक्तिलाई सो स्थानबाट तत्काल बाहिर जान आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश पाएको व्यक्ति तुरुन्त मतगणना स्थलबाट बाहिर जानु पर्नेछ । त्यस्तो आदेश पालना नगरी अटेर गर्ने व्यक्तिलाई सुरक्षाकर्मीले निर्वाचन अधिकृतको आदेश बमोजिम त्यस्तो स्थानबाट बाहिर पठाउनु पर्नेछ ।

३२. **मतपत्र नोक्सान भएमा प्रतिवेदन दिने** : (१) मतगणना पूरा हुनुभन्दा पहिले मतदानको लागि प्रयोग गरिएको मतपत्र वा मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा नोक्सान गरिएमा वा तोडफोड गरिएमा वा हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले मतगणनाको काम स्थगित गरी तुरुन्त त्यसको प्रतिवेदन मुख्य निर्वाचन अधिकृत र आयोगलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था परी मतगणनाको काम स्थगित गरिएमा आयोगले त्यस्तो मतदान केन्द्रको सम्पूर्ण मतपत्र अवैध भएको घोषणा गर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपत्र अवैध घोषणा भएमा आयोगको निर्देशनमा निर्वाचन अधिकृतले यथाशीघ्र त्यस्तो मतदान केन्द्रमा पुनः मतदान गर्ने स्थान, मिति र समय तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

३३. **मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएमा प्रतिवेदन दिने** : (१) कसैले मतगणना गर्ने स्थानको अनधिकृत कब्जा गरेमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन मुख्य निर्वाचन अधिकृत र आयोगलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि देहायको अवस्थामा मतगणना गर्ने स्थान अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डरत्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो कब्जामा लिई मतगणनाको कार्यमा प्रभाव पारेमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतगणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतगणना सम्बन्धी अन्य सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रूपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा, वा

(ग) मतगणनाको कार्यमा संलग्न रहेको कुनै व्यक्तिले खण्ड (क) वा (ख) बमोजिमको कार्य गरेमा वा त्यस्तो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि आयोगले त्यस्तो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नुपर्ने ठहऱ्याएमा कुनै आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिम निर्वाचन अधिकृतले दिएको प्रतिवेदन वा उपदफा (३) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीले दिएको प्रतिवेदनको आधारमा आयोगले त्यस्तो मतगणनास्थल उपदफा (२) बमोजिम अनधिकृत तवरले कब्जा भएको भन्ने ठहऱ्याएमा त्यसरी कब्जाबाट असर परेको मतदान केन्द्रको सम्पूर्ण मतपत्र अवैध घोषित गरी मतदान रद्द गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने स्थान, मिति र समय तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

३४. **दोहोऱ्याई मतगणना गर्न निवेदन दिन सक्ने** : (१) कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गणना गराई पाऊँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारणसहित स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६२ बमोजिमको निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः मतगणनाको लागि निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले सो निवेदन दर्ता गर्नु पर्नेछ ।

३५. **दोहोऱ्याई मतगणना गर्ने** : दफा ३४ बमोजिम परेको निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नुपर्ने अवस्था परेमा निर्वाचन अधिकृतले दोहोऱ्याई मतगणना गर्न स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६३ बमोजिमको मुचुल्का गरी सो मुचुल्कामा आफूले दस्तखत गरी पुनः मतगणनाको लागि निवेदन दिने उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको र सो मतगणना गर्ने स्थानमा उपस्थित अन्य उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

तर त्यसरी दोहोऱ्याई मतगणना गर्ने गरी निर्णय गर्दा जुन पदको उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले निवेदन दिएको हो सोही पदको मात्र दोहोऱ्याई मतगणना गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

३६. **दोहोऱ्याई मतगणना नगर्ने भएमा सूचना दिने** : दफा ३४ बमोजिम परेको निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नुपर्ने नदेखिएमा वा दोहोऱ्याई मतगणना गर्न निर्वाचन अधिकृत सहमत नभएमा निजले सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित निवेदन दिने उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६४ बमोजिमको सूचना दिनु पर्नेछ ।

३७. **मत बराबर भएमा गोला हाल्ने सूचना दिने** : (१) कुनै सदस्यको निर्वाचनमा मतदान भएको सबै मतपत्रको मतगणना कार्य समाप्त भएपछि दुई वा दुईभन्दा बढी उम्मेदवारले प्राप्त गरेको सदर मत बराबर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा निर्वाचन अधिकृतले त्यसरी बराबर मत पाउने सबै उम्मेदवारका बीच गोला हाली निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्णय गरेको अवस्थामा स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६५ बमोजिमको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा निर्वाचन अधिकृतले दस्तखत गरी मत बराबर भएका उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गोला हाल्दा मत बराबर भएका उम्मेदवारहरुबीच सहमति कायम गरी गोला तान्न लगाउनु पर्नेछ र यसरी सहमति कायम हुन नसकेमा त्यस्तो उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा गोला तान्न लगाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम गोला हाल्ने सम्बन्धी अन्य प्रकृया निर्वाचन अधिकृतले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिम गोलाद्वारा छानिएको उम्मेदवारले एक मत बढी पाएको मानिनेछ । सो व्यहोरा मतगणना तालिकाको कैफियतमा उल्लेख गर्नु पर्नेछ ।

३८. **मतगणना समाप्त भएको मुचुल्का गर्ने** : मतगणनाको काम समाप्त भएपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको  स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६६ बमोजिमको

मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले दस्तखत गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

३९. **निर्वाचन परिणामको घोषणा** : (१) निर्वाचन अधिकृतले वडा अध्यक्ष र वडा सदस्यको हकमा दफा २५ को उपदफा (४) बमोजिमको मतगणनाको फारामको आधारमा र अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुखको हकमा दफा २५ को उपदफा (५) बमोजिमको मतगणना फारामको आधारमा नियमावलीको अनुसूची-२० बमोजिमको ढाँचामा तीन प्रति निर्वाचन परिणामको घोषणा तयार गरी एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गरी एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम निर्वाचन परिणामको घोषणा गर्दा देहायको पदमा सबैभन्दा बढी सदर मत प्राप्त गर्ने देहाय बमोजिमका उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ :-

(क) गाउँपालिका वा नगरपालिकाको प्रत्येक वडाको महिला वडा सदस्य पदमा सबैभन्दा बढी मत पाउने एकजना, दलित महिला वडा सदस्य पदमा सबैभन्दा बढी मत पाउने एकजना र अन्य वडा सदस्य पदमा सबैभन्दा बढी मत पाउने दुई जना,

(ख) गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष पदमा सबैभन्दा बढी मत पाउने एक-एक जना,

(ग) गाउँपालिका वा नगरपालिकाको प्रत्येक वडाको वडा अध्यक्ष पदमा सबैभन्दा बढी मत पाउने एक जना,

(घ) नगर कार्यपालिकाको प्रमुख र उपप्रमुख पदमा सबैभन्दा बढी मत पाउने एक-एक जना,

(ङ) गाउँ कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत पाउने चार जना,

(च) गाउँ कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्य पदमा सबैभन्दा बढी मत पाउने दुई जना,

(छ) नगर कार्यपालिकाको महिला सदस्य पदमा सबैभन्दा बढी मत पाउने पाँच जना,

(ज) नगर कार्यपालिकाको दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित हुने सदस्य पदमा सबैभन्दा बढी मत पाउने तीन जना ।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम दुई जना वडा सदस्य निर्वाचित भएको घोषणा गर्दा मतपत्रमा व्यवस्था भएको दुईवटै कोलममा निर्वाचन चिन्ह रहेका सबै उम्मेदवारले प्राप्त गरेको मत मध्येबाट सबै भन्दा बढी मत पाउने दुई जना निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्वाचित भएको घोषणा गर्दा मतपत्रमा वडा सदस्यको लागि व्यवस्था भएको दुई कोलम मध्ये प्राप्त मत सङ्ख्याको आधारमा एउटै कोलममा निर्वाचन चिन्ह रहेका दुई जना उम्मेदवार वा फरक फरक कोलममा निर्वाचन चिन्ह रहेका दुई जना उम्मेदवार निर्वाचित हुन सक्ने कुरालाई ध्यान दिनु पर्नेछ ।

४०. **प्रमाणपत्र दिने** : (१) दफा ३९ बमोजिम निर्वाचन अधिकृतले निर्वाचन परिणामको घोषणा गरिसकेपछि निर्वाचित उम्मेदवारलाई नियमावलीको अनुसूची-२१ बमोजिमको ढाँचामा निर्वाचित भएको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले प्रत्येक निर्वाचित उम्मेदवारको दुईप्रति प्रमाणपत्र तयार गरी एक प्रति निर्वाचित उम्मेदवारलाई दिई अर्को एकप्रति अभिलेखको लागि निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएका प्रमाणपत्र निर्वाचन कार्यालयले सुरक्षितसाथ राख्नु पर्नेछ ।

४१. **निर्वाचन परिणामको विवरण आयोगमा पठाउने** : निर्वाचन अधिकृतले दफा २५ को उपदफा (४) र (५) बमोजिमका मतगणना फाराम र दफा ३९ बमोजिमको निर्वाचन परिणाम घोषणा सम्बन्धी विवरण आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

## परिच्छेद-४
## विविध

४२. **मतगणनाको काम नरोकिने** : (१) कुनै उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित हुनुपर्नेमा निज उपस्थित नभएमा वा निजले गर्नुपर्ने काम नगरेमा सोही कारणले मात्र मतगणनाको काम रोकिने छैन र यस्तो मतगणनाको काम कानून बमोजिम भएको मानिनेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको अवस्थामा सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतले सम्बन्धित मुचुल्कामा सोही व्यहोराको कैफियत खुलाई सो स्थानमा रहेका कर्मचारी र उपलब्ध भएसम्म दुई जना अन्य व्यक्तिको सहीछाप गराई आफूले प्रमाणित गरी राख्नु पर्नेछ ।

४३. **निर्वाचन सम्बन्धी कागजात हेर्न सक्ने** : (१) निर्वाचन अधिकृतले आवश्यकता अनुसार निर्वाचनमा प्रयोग भएका कागजात मतगणनाको प्रयोजनको लागि हेर्न सक्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगणनाको कार्य समाप्त भएपछि उपदफा (१) बमोजिम खोली हेरिएका कागजातहरू पुनः सिलबन्दी गर्नु पर्नेछ ।

४४. **निर्वाचन सम्बन्धी कागजात गोप्य राख्ने** : (१) निर्वाचन अधिकृतले मतगणनाको प्रयोजनको लागि खोलिएका र मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरिएका कागजातहरू, मतपत्रको अधकट्टी, मतदानमा प्रयोग गरिएका मतदाता नामावली, सदर र बदर मतपत्रको सिलबन्दी गरिएको खाम कसैले खोल्न र हेर्न नपाउने गरी गोप्य रूपमा राख्नु पर्नेछ ।

(२) निर्वाचन परिणाम घोषणा भएपछि निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको कागजात निर्वाचन कार्यालयमा बुझाई सोको भरपाई लिनु पर्नेछ ।

४५. **निर्वाचन सामग्री र अन्य कागजात विवरण बुझाउनु पर्ने** : निर्वाचन अधिकृतले निर्वाचन कार्य समाप्त भएपछि निर्वाचनको प्रयोजनको लागि आयोग वा निर्वाचन कार्यालयबाट बुझिलिएका निर्वाचन सामग्री र निर्वाचन सम्बन्धी सम्पूर्ण कागजात सम्बन्धित निर्वाचन कार्यालयमा बुझाई सोको भरपाई लिनु पर्नेछ ।

४६. **गोप्यता भङ्ग गर्न नहुने** : कानून बमोजिम अधिकार पाएकोमा बाहेक मतगणना सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी, उम्मेदवार वा निर्वाचन प्रतिनिधि, मतगणना प्रतिनिधि वा अन्य कुनै

व्यक्तिले मतपत्रमा मतदाताले सङ्केत गरेको मत वा तत्सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकट गर्न वा प्रकाशन गर्न हुँदैन ।

४७. **<u>मद्दत लिन सकिने</u>** : (१) निर्वाचन अधिकृत वा मतगणना अधिकृतले निर्वाचनको कामको सिलसिलामा कुनै सरकारी वा सुरक्षा निकायको मद्दत लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मद्दत मागिएमा आवश्यक मद्दत पुऱ्याउनु सरकारी वा सुरक्षा निकायको कर्तव्य हुनेछ ।

४८. **<u>आयोगको आदेश पालना गर्नु पर्ने</u>** : (१) निर्वाचन सञ्चालन गर्नको लागि आयोगले दिएको आदेश वा निर्देशनको सम्बन्धित सबैले पालना गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले आफ्नो कर्तव्य पालना गर्दा कुनै कुरा वा कामको सन्दर्भमा द्विविधा भएमा आयोगमा तुरुन्त सम्पर्क गरी आयोगको निर्देशन अनुसार गर्नु पर्नेछ ।

४९. **<u>खारेजी</u>** :स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४ खारेज गरिएको छ ।